प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ३ हेटौंडा, मकवानपुर

☎ ०५७-५२७५२०
📠 ०५७-५२७५१८
Email: moeap3@gmail.com
URL: moeap.p3.gov.np

पत्र संख्या : २०७५/०७६ चलानी नं. :- ६४ मिति:-२०७५।०४।२२

विषय : थप स्पष्ट गरी पठाइएको सम्वन्धमा।

श्री सवै स्थानीय तह, प्रदेश नं. ३।

उपरोक्त विषयमा यस मन्त्रालयबाट प.सं. ०७५/०७६ च.नं. ५ मिति २०७५/०४/०२ को पत्रबाट प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूची - ५ को कार्यान्वयन गर्ने सम्बन्धमा पत्राचार गरिएको व्यहोरा अवगतै छ। उक्त ऐनको कार्यान्वयनमा देखिएका समस्याहरु अन्त्य गर्न लागी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०४।१४ को निर्णयले प्रदेश आर्थिक ऐन २०७५ को अनुसूची -५ मा तपसील बमोजिम संशोधन भएको हुँदा तपसील बमोजिम गर्नु गराउनु हुन अनुरोध छ:-

<u>तपसील</u>

१. प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूची - ५ मा संशोधन भएकोले साविकको अनुसूची - ५ मा उल्लेखित विषयको सट्टामा देहायको विषय रहेको:

अनुसूची - ५
(दफा ९ सँग सम्बन्धित)
दहत्तर वहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (बिक्री शुल्क) |
|---|---|---|---|---|
| १. | ढुङ्गा, चुनढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | रु.३/- | रु.६/- |
| २ | माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | पचास पैसा | रु.२/- |
| ३. | खानीजन्य उद्योगले आफैंले संकलन गरेको वस्तुमा बिक्री शुल्क मात्र लगाइनेछ। | | | |
| ४. | प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ। (संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. १ मा उल्लिखित चुनढुङ्गामा संकलन शुल्क र बिक्री शुल्क नलाग्ने ) | | | |

२. ढुङ्गा, गिटी, बालुवा, दहत्तर र वहत्तर संकलनबाट उठेको शुल्कमध्येबाट ६० प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोले थप कुनै पनि प्रकारको कुनै शुल्क नलिने वा नलगाउने।

३. ऐनको अनुसूची - ५ बमोजिम लाग्ने शुल्क बुझाई गन्तव्य तर्फ ढुवानीको क्रममा रहेका सवारी साधनहरुलाई अन्य स्थानीय तहले विभिन्न बहानामा मनोमानी कर/शुल्क/दस्तुर उठाउँदै आइरहेको सूचना प्राप्त हुन आएकोले गन्तव्यमा नपुग्दासम्म संविधान र प्रचलित कानूनको विपरित हुने गरी कुनै पनि कर/शुल्क/दस्तुर नलिने वा नलगाउने।

(सुनिता पौडेल)
शाखा अधिकृत